## उमाकुण्डगाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
### प्रिति,रामेछाप
### ३ नं. प्रदेश

## आन्तरिक कर ढुङ्गा, गिट्टी, बालुवाउत्खनन् तथानिकासी सम्बन्धिसिलवन्दीदरभाउपत्रआव्हानको सूचना

**दोश्रो पटक प्रकाशितमिति:२०७६/१०/१३**

स्थानीय सरकार संचालन ऐन, २०७४को परिच्छेद-३ को उपदफा ११ को उपदफा ध को ६ माभएको व्यवस्थाअनुसार यस गाउँपालिकाको निर्णयतथा राजश्व परामर्श समितिको बैठकको निर्णयले आई.ई.प्रतिवेदनमाउल्लेखित परिणामको आधारमा ढुङ्गा, गिट्टी, बालुवाउत्खनन् तथानिकासी गरी आन्तरिक कर उठाउनको लागि ठेक्कावन्दोवस्तगर्नुपर्ने भएकोले स्थायी लेखानम्बर पानलिएका इच्छुक व्यक्ति, फर्म वा संस्थाले तपशिलबमोजिमको शर्तहरुको अधिनमा रही दोस्रो पटक सूचनाप्रकाशितभएको मितिले १६दिनभित्रशिलवन्दीबोलपत्र पेश गर्न हुन सार्वजनिकआव्हानगरिएको छ ।

| ठेक्का नं. | निकासी क्षेत्र | न्यूनतमबोल कबोल रकम (भ्याट बाहेक) | उत्खनन्/ संकलन प्रति क्यू फिट (भ्याट बाहेक) | निकासी /विक्रिप्रति क्यूफिट (भ्याट बाहेक) |
|---|---|---|---|---|
| २/०७६/७७ | गुम्देल देखि भुजीसम्मको लिखु खोलाकिनार ( गौरीशंकर संरक्षित क्षेत्र बाहेक ) | १३,००,०००/- | ३/- | ६/- |

१. इच्छुक सिलवन्दी दरभाउपत्रदाताहरुले रु.१०००/-(एकहजार मात्र) दस्तुर फिर्ता नहुने गरी नगदै बुझाई नगदी रसिदवाउमाकुण्ड गाउँपालिको कार्यालयको संचितको खाता सनराईज बैंक, प्रितिशाखामाखाता नं.०९६०५६८५७७७०३००४जम्मा गरेको बैकभौचरको साथआ.व. ०७६/७७को लागिनविकरण भएको इजाजतपत्र, आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व.०७५/७६ को कर चुक्तागरिएको प्रमाण पत्रको प्रतिलिपि, कालो सूचीमानपरेको भनी घोषणा गरिएको पत्र, नेपाल सरकारको अधिकृत वानोटरी पब्लिकबाट प्रमाणित गरिएको कागजात संलग्न राखीसिलवन्दी दरभाउपत्रउपलब्ध गराउन यस कार्यालयमा यो सूचनादोस्रो पटक प्रकाशितभएको मितिले १५औं दिनको कार्यालय समयमानिवेदनदिएर बोलपत्रपुस्तिकाखरिद गर्न सकिनेछ ।

२. खरिद भएको सिलवन्दी दरभाउपत्रको प्रत्येक पानामा सहीछाप र शिलबन्दी गरी खामबाहिर फर्मको नाम, ठेगाना, ठेक्काको नामनम्बर लेखी सूचनाप्रकाशितभएको मितिले १६औं दिनको १२:०० बजेसम्मखामबन्दी गरी यस कार्यालयमादर्ता गरी पेश गर्नुपर्नेछ । तोकिएको समयमादर्ताहुनआएकाफर्महरु सोहीदिनको २:०० वजे फर्महरुको प्रतिनिधि सहित यस गाउँपालिकाको पदाधिकारी र सरकारी कार्यालयको प्रतिनिधि सहितको उपस्थितिमाकार्यालयमाखोलिनेछ । तर फर्मको प्रतिनिधिवाफर्मवालाआफै उपस्थितहुननसकेमाबोलपत्रखोल्न कुनै बाधा पर्ने छैन ।

३. ठेक्कालिने इच्छुक व्यक्ति, फर्म वा संस्थाले कबोल गरेको अंकको ५ प्रतिशत धरौटी राख्नु पर्नेछ । धरौटी वापतको रकम यस कार्यालयको नाममासनराईज बैंक, प्रितिशाखामा रहेको धरौटी खाता नं.०९६०५६८५७७७०३००३माजम्मागर्नुपर्नेछ वाआधिकारीक वाणिज्य बैंकको ९० दिन बराबरको बैंक ग्यारेन्टिलाई समेत मान्यतादिइनेछ । अन्य बैंक ग्यारेन्टि सम्बन्धमागाउँपालिकाको निर्णय अनुसार सम्झौतामाउल्लेख भएअनुसार हुनेछ ।

४. शिलवन्दीसिलवन्दी दरभाउपत्रफाराममाआफूले कबोल गरेको रकमअंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनु पर्नेछ । दर रेटको अंकअक्षर केरमेट भएमावा फरक भएमाअक्षरमा लेखिएको दरलाई मान्यतादिइनेछ ।

५. ढुङ्गा, गिट्टी, बालुवाउत्खनन् र संकलनगर्ने र तोकिएको स्थानमा घाटगधी गरी नापँजाँच गरी लैजाने व्यवस्थागाउँपालिकाकार्यालयको निर्देशनबमोजिमहुनेछ ।

६. ठेक्का सदर गर्ने वानगर्ने सम्पूर्ण अधिकार उमाकुण्डगाउँपालिकामानिहित रहनेछ ।

७. उमाकुण्ड गाउँपालिकाले अनुगमनगर्दाकानून र मापदण्ड बमोजिमनपाएमाप्रचलितकानूनबमोजिमकारबाहीहुनेछ ।

८. ठेकेदारले कबोल गरेको रकमदुई किस्तामाबुझाउनु पर्नेछ । पहिलो किस्ता सम्झौतागर्दा ५० प्रतिशत रकमको साथै सो वापतको भ्याट रकमअग्रिमबुझाउनु पर्नेछ भने दोस्रो किस्तावापत ५० प्रतिशत रकम र सो वापतको भ्याट रकमबैशाखमसान्तभित्रबुझाई सक्नु पर्नेछ । एकमुष्ट रकमबुझाएमानियमानुसार १० प्रतिशत छुट प्राप्तहुनेछ ।

९. ठेक्का सम्बन्धमाकुनै किसिमको विवादको स्थिति सिर्जनाभएमावाकार्यालय र ठेकेदार बीचकुनै विवादभएमागाउँपालिकाको निर्णय अन्तिमहुनेछ र सो निर्णय मान्न ठेकेदारको कर्तव्य हुनेछ ।

१०. ठेक्काअवधिभर ठेक्केदारले ठेक्कातोड्न पाइने छैन । विचैमा ठेकेदारले ठेक्कातोडेमावातोकिएको समय सिमामाकिस्तावापतको रकमदाखिलानगरेमानिजबाट असुलहुनबाँकी रकममा १० प्रतिशतव्याजहर्जानाजोडी असुलउपर गरिनेछ । यसरी ठेक्कातोडिन गई बाँकीअबधिको लागि ठेक्कावाअन्यव्यवस्थागर्दा निजले कबोल गरे भन्दाकम रकम उठ्न गएमा सो रकमपनिपूर्व ठेकेदारबाटै सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

११. ठेक्का संचालनको अबधिमाकुनै किसिमको छुट, माफी, मिनाहामाग्नपाइने छैन । बन्द, हड्ताल, प्राकृतिकप्रकोप तथाअन्यकाबु बाहिरको परिस्थितिआई परेमा यस पालिकाको निर्णय अनुसार हुनेछ ।

१२. सडक विभाग र सम्बन्धितनिकायले तोकेको सडक सिमा र मापदण्ड भित्रको क्षेत्रमाढुङ्गा, गिट्टी, बालुवालगायतकाकुनै पनि सामाग्री संकलनवा संञ्चय गरी राख्नपाइने छैन । साथै ढुङ्गा, गिट्टी, बालुवाआदिबोकेको सवारी साधनउक्त क्षेत्रमापार्किङ गर्न समेत पाइने छैन ।

१३. जुनवर्षकालागि ठेक्का सम्झौताभएको हो सोहीआर्थिक वर्ष भित्रतोकिएको समयसम्ममात्र ठेकेदारले संकलन गरेको वस्तुहरु सो क्षेत्रबाट उठाई सक्नु पर्नेछ ।

१४. भूक्षयतथानदीनालाप्रवाहको दिशा परिवर्तन हुने गरी र पानीको सतहभन्दा मुनीबाट ढुङ्गा, गिट्टी, बालुवा संकलनतथाउत्खनन् गर्न पाइने छैन ।

१५. प्रतिवेदनमाउल्लेखित स्थानहरुबाट मात्रनदीजन्य सामाग्रीहरु उत्खनन् गर्नुपर्नेछ, उत्खनन् र संकलनगर्दा हाते तथा मेशिनऔजार प्रयोग गर्नुपर्नेछ ।

१६. शिलवन्दी दरभाउपत्रदर्ता गर्ने र खोल्ने मितिमा सार्वजनिकविदा पर्न गएमाकार्यालय खुलेको दिनउल्लेखितकार्य क्रमश:हुनेछ ।

१७. यसमाउल्लेख नभएका कुराहरु प्रचलितकानूनबमोजिमहुनेछ ।

१८. यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्रफारामलाई मान्यतादिइनेछैन, साथै म्याद नाघी वा रित नपुगीप्राप्तभएको सिलवन्दी दरभाउपत्रउपर कुनै कारबाहीहुनै छैन ।

१९. यो ठेक्काकाअवधि ०७७ जेष्ठ मसान्त सम्म रहनेछ ।

प्रमुखप्रशासकीयअधिकृत